# उत्कृष्ट विद्यालय तथा शिक्षक प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि २०८०

**कार्यपालिकाबाट स्विकृत मिति: २०८०।०८।२०**

फेदाप गाउँपालिकाको स्विकृत बार्षिक कार्यक्रम अन्तर्गत उत्कृष्ट शिक्षक, कर्मचारी तथा विद्यालय प्रोत्साहन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी फेदाप गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले यो कार्यविधि जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** १) यस कार्यविधिको नाम "उत्कृष्ट विद्यालय तथा शिक्षक प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि २०८०" रहेको छ।

२) यो कार्यविधि कार्यपालिकाबाट स्विकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

क) "छनौट समिति" भन्नाले दफा ५ बमोजिम गठित उत्कृष्ट विद्यालय तथा शिक्षक छनौट समितिलाई सम्झनुपर्दछ।

ख) "शिक्षा, युवा तथा खेलकुद शाखा" भन्नाले फेदाप गाउपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्दछ।

ग) "गाउँपालिका" भन्नाले फेदाप गाउँपालिका तेह्रथुम सम्झनुपर्दछ।

घ) "गाउँ कार्यपालिकाको कार्यालय" भन्नाले फेदाप गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ।

**३. उद्देश्य:** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन्।

क) उत्कृष्ट विद्यालय तथा शिक्षक छनौटका आधार र मापदण्ड निर्धारण गरी पारदर्शी र प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्ने।

ख) तोकिएका आधार र मापदण्ड बमोजिम उत्कृष्ट विद्यालय तथा शिक्षक छनौट गरी पुरस्कृत गर्न सहयोग पुर्याउने।

ग) उत्कृष्ट छनौट हुने विद्यालय तथा शिक्षकलाई प्रदान गरिने प्रोत्साहन रकमलाई शैक्षिक गुणस्तर सुधारका लागि उपयोग गर्न मार्गदर्शन गर्ने।

घ) छनौट हुने शिक्षक तथा विद्यालय आधारभूत तह र माध्यमिक तहको हुने।

फेदाप गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोक्लाबाङ, तेह्रथुम
कोशी प्रदेश, नेपाल

**४. निर्देशक समिति:** उत्कृष्ट विद्यालय तथा शिक्षक छनौट कार्यक्रममा कुनै समस्या परेमा नीतिगत निर्णय गर्न तथा कार्यक्रम सञ्चालनका लागि छनौट समितिलाई आवश्यक निर्देशन दिनका लागि देहाय बमोजिमको निर्देशक समिति रहनेछ ।

| | |
|---|---|
| क) समाजिक विकास समिति संयोजक | संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग) लेखा शाखा प्रमुख | सदस्य |
| घ) योजना तथा कार्यक्रम शाखा प्रमुख | सदस्य |
| ङ) शिक्षा शाखा प्रमुख/अधिकृत | सदस्य सचिव |

**५. छनौट समिति:** १) गाउँपालिकाको उत्कृष्ट विद्यालय तथा शिक्षक छनौटका लागि देहाय बमोजिमको एक छनौट समिति रहनेछ ।

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख) नेपाल शिक्षक महासङ्घ फेदाप गाउँ कमिटी अध्यक्ष | सदस्य |
| ग) गाउँपालिका भित्र कार्यरत माध्यमिक तहको उच्चतम श्रेणिको शिक्षक १ जना | सदस्य |
| घ) गाउँपालिका भित्र कार्यरत आधारभूत तहको उच्चतम श्रेणिको शिक्षक १ जना | सदस्य |
| ङ) गाउँपालिका अध्यक्षले तोकेको कर्मचारी प्रतिनिधि | सदस्य |
| च) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य सचिव |

**६. छनौट समितिको भूमिका:** दफा ५ बमोजिम गठित समितिको कार्यविवरण देहाय बमोजिम हुनेछ ।

क) विद्यालयबाट प्राप्त सिफारिसहरुको दफा ८ को आधारमा उत्कृष्ट विद्यालय तथा शिक्षकको मूल्याङ्कन गर्ने ।

ख) उत्कृष्ट विद्यालय तथा शिक्षकलाई दिईने पुरस्कार रकमको निर्धारण गर्ने ।

ग) उत्कृष्ट विद्यालय तथा शिक्षकको छनौट गर्ने ।

घ) छनौट भएका उत्कृष्ट विद्यालय तथा शिक्षकको सूची वेभसाईटमा प्रकाशन गर्ने ।

**७. शिक्षा, युवा तथा खेलकुद शाखाको भूमिका:** उत्कृष्ट विद्यालय तथा शिक्षक छनौट गर्न तथा छनौट भएका विद्यालयहरुलाई प्रदान गरिने प्रोत्साहन रकमको कार्यान्वयका सन्दर्भमा शिक्षा, युवा तथा खेलकुद शाखाको भूमिका देहायअनुसारको हुनेछ ।

क) सम्बन्धित वडा कार्यालयलाई उत्कृष्ट विद्यालय तथा सम्बन्धित विद्यालयलाई उत्कृष्ट शिक्षक सिफारिस गर्न पत्राचार गर्ने ।

ख) वडा कार्यालय तथा विद्यालयबाट प्राप्त सिफारिसहरुलाई संकलन गरी छनौट समिति समक्ष पेस गर्ने ।

ग) छनौट समितिबाट सिफारिस भई आएका विद्यालय तथा शिक्षकहरुसँग सम्झौता गर्ने ।

घ) कार्यक्रम अनुगमन गर्ने ।

फेदाप गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय फेदाप, तेह्रथुम कोशी प्रदेश, नेपाल

ङ) प्रगति विवरणका आधारमा रकम भुक्तानी दिने ।

च) विद्यालयमा हुनुपर्ने न्युनतम सामग्रीहरुको न्यूनतम मापदण्ड कार्यान्वयनमा ल्याउने ।

छ) प्रगति प्रतिवेदन अध्यावधिक गरी राख्ने

<u>**८. उत्कृष्ट विद्यालय तथा शिक्षक छनौटका आधार तथा मापदण्डहरु:**</u> १) उत्कृष्ट विद्यालय छनौटका आधार तथा मापदण्डहरु देहायबमोजिम हुनेछ ।

| क्र सं | विवरण | आधार | पुर्णाङ्क |
|---|---|---|---|
| १ | विद्यार्थी सङ्ख्या | माध्यमिक तहको हकमा १०० सम्मको २ अंक २०० सम्मको ५ अङ्क ३५० सम्मको ७ अंक र ३५० भन्दा माथी १० अंक (आधारभूत तहको हकमा उल्लेखित संख्याको ५० प्रतिशत विद्यार्थी संख्या मान्य हुने) । | १० |
| २ | शिक्षक दरबन्दी | दरबन्दी र राहत शिक्षक अनुसार विद्यार्थी अनुपात २० भन्दा कम भए ५ अंक र २० भन्दा माथी भए १० अंक | १० |
| ३ | कक्षा ५, ८ र एस ईई जिपिए | ३ बर्षको औषत जिपिए १.५ सम्म भए १०, २ सम्म भए १५ र २ भन्दा माथी भए २० अंक | २० |
| ४ | शिक्षण सिकाई सम्बन्धी प्रवर्धनात्मक कार्यहरु | विद्यालयले गरेका प्रवर्धनात्मक काम सङ्ख्या बढीमा ५ वटा १५ अंक (प्रति प्रवर्धनात्मक काम ३ अंकका दरले) | १५ |
| ५ | भौगोलिक क्षेत्र | वडाको केन्द्रमा भए ५ र केन्द्रभन्दा बाहिर भए १० अंक | १० |
| ६ | दलित विद्यार्थी | कुल विद्यार्थी सङ्ख्याको २० प्रतिशत सम्म भए ५ अंक ३० प्रतिशत सम्म भए ७ अंक र ३० प्रतिशत भन्दा माथी भए १० अंक | १० |
| ७ | पुरस्कार | संघीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय वा सो अन्तर्गतका निकाय र कोशी प्रदेश सामाजिक विकास मन्त्रालयबाट यसपूर्व उत्कृष्ट विद्यालयको रुपमा पुरस्कार पाएकोमा ५ अंक र नपाएकोमा १० अंक | |
| ८ | सिकाई उपलव्धी | अघिल्लो शैक्षिक सत्रको विद्यालयको समग्र सिकाई उपलव्धी औषत २ सम्मको लाई १० अंक ३ सम्मको १४ अंक र ३ भन्दा माथीलाई २० अंक | २० |
| ९ | गणित विषयको औषत ग्रेड प्वाईन्ट | अघिल्लो शैक्षिक सत्रको गणित विषयको औषत ग्रेड १.५ भएमा ३ अंक र सो भन्दा माथी भए ५ अंक | ५ |
| | | जम्मा | १०० |

२) उत्कृष्ट शिक्षक छनौटका आधार तथा मापदण्डहरु देहाय बमोजिमको हुनेछ ।

| क्र सं | विवरण | आधार | पुर्णाङ्क |
|---|---|---|---|
| १ | कार्य अनुभव | ५ बर्ष सम्मको ५ अंक ७ बर्ष सम्मको ७ अंक र सो भन्दा माथि १० अंक | १० |
| २ | शैक्षिक उपलव्धी | आफुले अध्यापन गर्ने विषयको पछिल्लो ३ बर्षको औषत जिपिए १.५ सम्म भए १०, २ सम्म भए १५ र २ भन्दा माथी भए २० अंक | २० |
| ३ | शैक्षिक योग्यता | न्युनतम शैक्षिक योग्यता ७ अंक र माथिल्लो शैक्षिक योग्यता भए १० अंक | १० |
| ४ | विशेष जिम्मेवारी | विशेष जिम्मेवारी लिएको तर पुरा नगरेको भए ५ अंक र लिएको साथै कुशलतापुर्वक पुरा गरेको भए १० अंक | १० |
| ५ | प्रवर्धनात्मक कार्यहरु | शिक्षकले शिक्षण सिकाई सुधारका लागि आफ्नै पहलमा गरेका प्रवर्धनात्मक कार्य (अतिरिक्त क्रियाकलापहरु) संख्या बढिमा ५ वटा १० अंक (प्रति प्रवर्धनात्मक काम २ अंकका दरले) | १० |
| ६ | अध्ययन अनुसन्धान | आफूले अध्यापन गर्ने विषयमा पछिल्लो ३ बर्षमा गरेका अनुसन्धन ३ वटा सम्म भए ५ अंक र ५ वटा वा सो भन्दा बढि भए १० अंक | १० |
| ७ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग | सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न नसक्ने भए शून्य अंक आफूले मात्र जानेको तर कक्षाकोठामा प्रयोग नगरेको भए १० अंक र कक्षाकोठामा प्रयोग गरेको भए २० अंक | २० |
| ८ | विद्यार्थी सिकाई उपलव्धीको नियमित परिक्षण र पृष्ठपोषण | नियमित गृहकार्य परीक्षण गर्ने गरेको, मासिक परीक्षा तथा एकाई परीक्षा लिने गरेको साथै उक्त कार्यहरुमा विद्यार्थीहरुलाई पृष्ठपोषण समेत दिने गरेको भएमा १० अंक कुनै २ वटा मात्र सूचक पुरा गरेको भएमा ५ अंक र कुनैपनि नभएमा शून्य अंक | १० |
| **जम्मा** | | | १०० |

**९. कार्यक्रममा खर्च हुने रकम:** विद्यालयले प्राप्त गरेको प्रोत्साहन रकम सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको निर्णय र कार्ययोजनाको आधारमा प्रचलित आर्थिक कार्यविधि तथा नियमानुसार मात्र खर्च गर्नुपर्नेछ अन्यथा कानुन बमोजिम कारवाही हुनेछ।

**१०. प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा उल्लेखित विषयको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**११. संशोधन:** कार्यपालिकाले आवश्यकतानुसार यो कार्यविधि संशोधन तथा परिमार्जन गर्न सक्नेछ।